वर्ष : २१, अंक : १६, काठमाडौं, २०८२ भाद्र १३ गते शुक्रबार, 29 August, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## चुरे संरक्षण तीनै तहको सरकारको प्राथमिकतामा पर्नुपर्दछ : लोसपा



काठमाडौं । दिनप्रति दिन तराई-मधेश मरुभूमिकरण हुँदै गएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालले चुरे संरक्षण तीनै तहको सरकारको प्राथमिकतामा पर्नुपर्ने ध्यानाकर्षण गराएको छ । लोसपा नेपालको भाद्र ८ र ९ गते बसेको शीर्ष तहको नेताहरुको विस्तारित बैठकको निर्णयहरु सार्वजनिक गर्दै अध्यक्ष महन्थ ठाकुरले चुरे संरक्षणका लागि तीनै तहको सरकारलाई ध्यानाकर्षण गराएका हुन् । तराई-मधेशका जिल्लाहरु खडेरीले गर्दा किसानहरु पूर्णतया नराम्रोसँग प्रभावित भएको हुनाले किसानहरुको लागि क्षतिपूर्तीको प्याकेज घोषणा गर्न संघीय तथा प्रादेशिक सरकारसँग जोरदार माग गर्ने निर्णय लोसपाले गरेको छ ।

मधेश प्रदेशका जिल्लाहरु सुख्खाग्रस्त भएको हुनाले खानेपानीको हाहाकार हुनुको साथै चापाकल, ईनार र पोखरीहरु सुकेको अवस्था भएकोले आम नागरिकलाई खानेपानीको सहज व्यवस्थापन गर्न तिन तहको सरकारलाई गम्भिररुपमा ध्यानाकर्षण गराएको हो । अध्यक्ष ठाकुरले तराई-मधेशका जिल्लाहरुको पानीको सतह दिन-प्रतिदिन तल जाँदै गरेकोले दीर्घकालिन रुपमा तराई-मधेश मरुभूमीहुने निश्चीतै रहेकोले चुरे संरक्षण अति आवश्यक कार्यभार तीन तहकै सरकारको प्राथमिक्तामा पर्नुपर्नेमा जोड दिएका छन् । साथै चुरे संरक्षणमा स्थानीय वासिन्दाको सहभागिता मुलक कार्य योजनाहरु सञ्चालनमा ल्याउनु पर्ने ठहर बैठकले गरेको छ ।

तराई-मधेशका जिल्लाहरुमा लुटपाट, चोरी-डकैति र हत्याको घटनाहरु दिन-प्रतिदिन बढ्दै गएकोमा लोसपा नेपालको गम्भिर ध्यानाकर्षण भएको छ । संघीय सरकारसँग कानूनी राज्यको प्रत्याभूती हुने गरि आम नागरिकको ज्यू-धनको सुरक्षा प्रदान गर्न यस बैठकले माग गरेको हो । साथै, लोसपा नेपालको केन्द्रीय महाधिवेशन तोकिएको मिति श्रावण मसान्तबाट २०८२ चैत्र ६ र ७ गते गर्ने निर्णय गरेको हो ।

## 'कथित मधेशी नेताहरूले जनताको भरोसा तोडे'



जलेश्वर (महोत्तरी) । संघीय गणतान्त्रिक गठबन्धनद्वारा आयोजित जनजागरण अभियान अन्तर्गत रैली तथा अन्तरक्रिया सभा कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। शनिबार जिल्लाको समन्वय समितिको हलबाट सुरु भएको रैलीले नगर परिक्रमा गरी पुन: जिल्ला विकासको हलमा पुगेर अन्तरक्रिया र सभा सम्पन्न भएको हो ।

रैलीमा गठबन्धनका शीर्षस्थ नेताहरू, पार्टी अध्यक्ष, केन्द्रीय पदाधिकारी, नेता तथा हजारौं कार्यकर्ताको उत्साहजनक उपस्थितिले कार्यक्रमलाई जीवन्त बनाएको थियो । सहभागी जनताले "एक मधेश, एक प्रदेश," "मधेसी तथा उत्पीडित जनताको अधिकार सुनिश्चित गर," "मदरसा विधेयक पारित गर," "ओबिसी आयोग तथा निषाद आयोग गठन गर," "पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर," "उर्दु विश्वविद्यालय स्थापना गर," "भ्रष्टाचारीहरूलाई कारबाही गर" जस्ता नाराहरू लगाउँदै आफ्नो माग र सङ्घर्ष प्रकट गरेका थिए ।

रैलीको समापनपछि आयोजित अन्तरक्रिया सभा नेपाल संघीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष मोहम्मद सैदरको अध्यक्षतामा सम्पन्न भयो । उद्घोषण बहुजन एकता पार्टीका नेता प्रकाश महराजीले गरेका थिए ।

सभामा प्रमुख अतिथिका रूपमा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री गठबन्धनका संयोजक मो.रिजवान अन्सारी उपस्थित थिए । विशिष्ट अतिथिहरूमा पार्टीका केन्द्रीय अध्यक्ष, बहुजन एकता पार्टीका कार्यवाहक अध्यक्ष राजाराम पासवान, नेपाल सद्भावना पार्टीका रामकुमार महतो, नेपाल जनजागृति पार्टीका केन्द्रीय अध्यक्ष धुपलाल निषाद र मधेश प्रदेशका पूर्वगृह, कानुन तथा सञ्चार मन्त्री, प्रदेश सभा सदस्य बिमला अन्सारी लगायत उपस्थित थिए ।

कार्यक्रममा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीले उत्पीडित जनताको मुक्ति, समानता र सामाजिक न्यायको आन्दोलन, पहिचानको आन्दोलन, अधिकार सम्पन्न प्रदेशहरूको आन्दोलन र भ्रष्टाचारको अन्त्यका लागि आन्दोलन अझ सशक्त हुन आवश्यक रहेको बताएका थिए । 'राज्यको एकल जातीय चिन्तन, साम्प्रदायिक मानसिकता र निरंकुश शैली, साथै वर्तमान राजनीतिक नेतृत्वको अकर्मता र सत्तालिप्सा उत्पीडित जनता र मधेशी जनताको मुक्ति आन्दोलनमा बाधक बनेका छन् । अब यो आन्दोलनलाई इमान्दार राजनीतिक शक्तिहरूले पुनर्गठित गरी तेस्रो जनआन्दोलनको रूपमा अघि बढाउनु अनिवार्य छ,' उनले भने ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेक-कालापानी जस्ता राष्ट्रिय स्वाभिमानसँग जोडिएका विषयमा देशको पक्ष कडाइका साथ राख्नुपर्नेमा जोड दिए ।

२०७३ साल चैत ७ गते रौतहटको गौरमा घटित राजनीतिक विवाद र भिडन्तको छानबिन सम्बन्धमा सर्वोच्च अदालतले २ भाद्र २ गते प्रमादेश जारी गरेको छ । अन्सारीले भने, 'छानबिन निष्पक्ष, पारदर्शी र कानुनसम्मत हुनुपर्छ। दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्छ। न्याय नपाएसम्म पीडितको पीडा शान्त हुने छैन। यदि यस घटनालाई राजनीतिक प्रतिशोधको माध्यम बनाइयो भने हाम्रो घोर विरोध हुनेछ ।'

*बाँकी अन्तिम पृष्ठमा*

## राज्यले किसानलाई उपेक्षा गर्दा युवा शक्ति पलायन र दुर्व्यसनीमा लागे : नेता सोनल



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले राज्यले किसानलाई उपेक्षा गरेको ऊर्जावान युवा शक्ति विदेश पलायन र दुर्व्यसनीमा फस्दै गएको बताएका छन् । आन्दोलनरत् उखु किसानको आन्दोलनमा बुधबार ऐक्यबद्धता जनाउँदै मधेश प्रदेशका सांसद एवं पूर्वमन्त्रीसमेत रहेका नेता सोनलले राज्यले कृषिलाई प्राथमिकता दियो भने मुलुकको अर्थतन्त्र मजबुत हुने र युवा शक्ति कृषि पेशाप्रति आकर्षित हुने धारणा राखेका हुन् ।

आन्दोलनरत् उखु किसानको मागहरुलाई अविलम्ब पूरा गर्न उनले सरकारसँग माग गरे । उनले भने, 'कृषकलाई राज्यले उपेक्षा गर्दै आएको छ । सरकारले चालू आर्थिक वर्षमा उखु किसानलाई दिंदै आएको अनुदान रकम विनियोजन गरेन । चालू आर्थिक वर्षको बजेटमा तत्काल उखु अनुदान पुनर्स्थापना गरी बक्यौता भुक्तानी गरोस् ।' उनले मधेश कृषिका लागि उर्बर भूमि रहेको बताउँदै भने, 'मधेशले समग्र देशलाई मात्र नभई अन्य देशहरुमा पनि खाद्यान्न निर्यात गर्ने क्षमता राख्दछ, यहाँका युवाले आफ्नै देशमा श्रम गर्न उत्साहित हुन्छन् ।'

बेरोजगारी र अभावका कारणले युवा शक्ति दिनहुँ दुर्व्यसनीमा फस्दै आएको जिकिर गरे । उनले उखु किसानको जारी आन्दोलनमा लोसपाको पूर्णरूपमा समर्थन रहेको बताए । उनले सरकारलाई किसानविरोधी नीतिहरू तत्काल फिर्ता लिन र उनीहरूको यथोचित मागहरू पूरा गर्न आग्रह गरे ।

काठमाडौंमा उखु किसानहरूले आन्दोलन गर्दै आएका छन् । सरकारले उखु किसानहरूलाई दिंदै आएको अनुदान कटौती गरेर चालू आवदेखि अनुदान आधा पारेको र पुरानो अनुदान पनि नदिएको भन्दै आन्दोलित छन् । उखु किसानको आन्दोलनमा ऐक्यबद्धता जनाउन लोसपाका वरिष्ठ उपाध्यक्ष सोनलसहित, प्रतिनिधिसभा सदस्य रामप्रकाश चौधरी, उपाध्यक्ष श्याम गुप्ता, महासचिव डा.सुरेन्द्र झा, विद्यार्थी संघका महासचिव समर साहलगायत उपस्थित भएका थिए ।

## 'गहिरो संकट, सांस्कृतिक विघटन र आर्थिक दिवालियापन'

काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रीय प्रवक्ताद्वय रवीन्द्र कुमार श्रेष्ठ र हिन्दी भाषा अभियानी रमन पाण्डेयले पार्टीको आधिकारिक निर्णयहरु नेपाली र हिन्दी दुवै भाषामा सार्वजनिक गरेका छन् ।

रामुपाको केन्द्रीय कार्यकारिणी समितिको सातदिने बैठकको निर्णयहरु बहुल भाषाको नीतिलाई अंगीकार गरी प्रवक्ताद्वय श्रेष्ठले नेपाली र पाण्डेयले हिन्दी भाषामा विज्ञप्तिमार्फत सार्वजनिक गरेका हुन् ।

रामुपाको प्रथम केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारी बैठक श्रावण ३१ गतेदेखि भाद्र ६ गतेसम्म सम्पन्न भई पार्टी अध्यक्ष राजेन्द्र महतोको अध्यक्षतामा समाप्त भएको बैठकले महत्वपूर्ण राजनीतिक, संगठनात्मक र रणनीतिक निर्णयहरू सार्वजनिक गरेको छ ।

बैठकले नेपालको वर्तमान अवस्था "गहिरो संकट, सांस्कृतिक विघटन र आर्थिक दिवालियापन" भएको ठहर गर्दै २०७२ को संविधानले मधेशी, थारू, आदिवासी, मुस्लिम, दलित लगायत समुदायलाई राज्यबाट बहिष्कृत गरेको आरोप लगाएको हो । पार्टीले २०८२ सालमै राष्ट्रव्यापी जनआन्दोलन सुरु गर्ने घोषणासमेत गरेको छ । पार्टी महासचिव सन्तोष मेहताले आफुहरु आन्दोलनको पुर्वाधार निर्माणको निम्ति अभियान चलाउने समेत बताएका छन् ।

हालै जसपा अध्यक्ष उपेन्द्र यादव माथी गौर घटनामा अनुसंधान गरिने निर्णय तर्फ संकेत गर्दै विज्ञप्तिमा लेखिएको छ, उत्पीड़ित समुदाय को अगुवा नेताहरु नेक्रोपॉलिटिक्सको शिकार हुनु परेको छ । यसो गर्न अदालत-कानून, मीडिया, घृणा-भाष्य, अफवाह र भीड़ हिंसा जस्तो माध्यम द्वारा योजनाबद्ध ढंगले अगुवाहरुलाइ सिध्याउने प्रयासका अनेक उदाहरण छन् ।

निर्णयमा पार्टीले सबै उत्पीडित समुदायलाई एकताबद्ध गर्दै बहु-राष्ट्रीय राज्य निर्माण को एजेन्डा अघि बढाउने प्रतिबद्धता जनाएको छ।

बैठकले हालैका बाढी-पहिरो र तराई-मधेशमा सूखाग्रस्त अवस्थाप्रति चिन्ता व्यक्त गर्दै तत्काल राहत, दीर्घकालीन समाधान र कृषकलाई मलखाद उपलब्ध गराउन सरकारसँग माग गरेको छ। साथै, मुकुम्लुङ केबलकार निर्माण रोक्ने र सप्तरीको बिटौरी जमिन विवाद तत्काल समाधान गर्ने प्रस्ताव पनि पारित भयो।

संगठनात्मक पक्षमा पार्टीले, संगठन-संघर्षको कार्यविधि, ग्राम गणतन्त्र, आर्थिक रूपान्तरण, विशेष ब्यूरो कार्ययोजना, प्रवासी संगठनलगायत निर्देशिका पारित गरेको छ। पार्टीले हालै जनता समाजवादी पार्टीसँग भएको कार्यगत एकतालाई अनुमोदन गर्दै संयुक्त कार्यक्रम अघि बढाउने निर्णय गरेको छ।

त्यस्तै, काठमांडूमा बसोबास गर्ने मधेशीहरूको सम्मान र संगठनका लागि "स्वनिग: मधेश समन्वय समिति" गठन गर्ने निर्णय भएको छ। यसको जिम्मेवारी कौसल सिंह, कौशलेन्द्र मिश्र र रामप्रवेश साहलाई दिएको छ ।

बैठकले २०८२ भाद्र ८ गतेदेखि असोज २२ गतेसम्म देशव्यापी संगठन विस्तार अभियान चलाउने घोषणा गरेको छ। यस अभियानमा विभिन्न जिल्लामा प्रभारी र सह-प्रभारी तोकिएका छन् ।

## असक्षम करार कर्मचारीलाई हटाउँदै, लोकसेवाबाट आएकालाई प्राथमिकता



जनकपुरधाम । मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री ई.बसन्त कुशवाहाले आफ्नो मन्त्रालय मातहतका करार कर्मचारीहरुलाई हटाई लोकसेवाबाट नाम निकालेका कर्मचारीहरुलाई व्यवस्थापन गर्ने निर्णय गरेका छन् ।

उद्योग मन्त्रालयअन्तर्गतका विभिन्न विभागहरुमा कार्यरत कर्मचारीहरुको वार्षिक कार्य सम्पादनको मूल्यांकन हुँदै आएको छ । कार्यसम्पादन मूल्यांकनमा कमजोर देखिएका करारका कर्मचारीहरुलाई हटाउन लागेको मन्त्री कुशवाहाले मधेशवाणीलाई बताएका छन् ।

केही सञ्चारमाध्यममा मन्त्री कुशवाहाले कर्मचारीहरुलाई बेरोजगार बनाउन लागेको भन्ने शीर्षकमा आएको समाचारबारे मधेशवाणीले राखेको जिज्ञासामा मन्त्री कुशवाहाले खण्डन गरेका छन् ।

मन्त्री कुशवाहाले भने, 'जनमत पार्टीको सरकारलाई बदनाम गर्न केही सञ्चारमाध्यमले अफवाह र भ्रम फैलाउन खोजेका छन् । त्यसमा सत्यता छैन । हाम्रो मन्त्रालय मातहतमा करारमा रहेका कर्मचारीहरुको हरेक आर्थिक वर्षको अन्त्यमा कार्य सम्पादनको मूल्यांकन हुने गरेको छ । कार्य सम्पादनमा कमजोर देखिएका कर्मचारीहरुलाई मात्र हटाउने मन्त्रीस्तरीय निर्णय भएको छ।

करारका ती कर्मचारीहरुलाई हटाएर तपाइँले बेरोजगार बनाउन लागनुभयो नि ? भन्ने प्रश्नको जवाफमा मन्त्री कुशवाहाले भने, 'यसमा पनि सत्यता छैन । हटाइएका कर्मचारीहरुका लागि हामीले वैकल्पिक बाटो पनि हामीले पहिल्याएका छौं। ती कर्मचारीहरुलाई हामीले निजी क्षेत्र वा अन्य कुनै ठाउँमा रोजगारीको व्यवस्था गराउने छौं ।'

उनले भनेका छन्, 'लोकसेवा आयोगबाट आएका कर्मचारीहरुको व्यवस्थापन पनि हाम्रो प्राथमिकता हो । लोकसेवा पास गरेका युवाहरुले काम काम गर्न पाउनुपर्छ। हामीले त रोजगारी सिर्जनाको प्रतिबद्धता गरेका छौं, अनि कसरी बेरोजगार बनाउन सक्छौं ।'

## सम्पादकीय

# प्रगतिमा बाधक धरातलीय समस्या

राज्यसत्तामाथि व्यक्ति र प्रणालीमा परिवर्तन आएपनि पौराणिक राज्य संयन्त्र र तिनका कार्य व्यवहारमा किञ्चित परिवर्तन आएको थिएन । तथाकथित प्रगतिशील सरकारले संयन्त्रमा आमूल परिवर्तन गर्न सकेन । बरू ब्युरोक्र्यासीले लोभ, लालच, चाकडी, चाप्लुसीको माध्यमले सरकारलाई आफ्नो वशमा गऱ्यो र अर्थ राजनीतिमा रहेको बेथितिलाई निरन्तरता दिइरह्यो । अराजक अर्थतन्त्रमा कालान्तरमा ठूलाठूला माफियाहरूको जन्म भयो र विस्तारै राज्यसत्ता माफियाहरूको कब्जामा पुग्यो । नेपाली राजनीतिमा माफियाहरूको वर्चस्वको किल्लालाई आउने कुनै सरकारले तोड्न सकेन । बरू राजनीतिमा वर्चस्व कायम राख्ने व्यक्तिवादी चरित्रले आत्मसमर्पण गरी माफियाको कृपामा राजनीतिको शीर्ष भागमा सधैं राज्य सुविधा उपभोग गर्न पुगे ।

योजना र नीति बन्दै गयो । विकास निर्माणका कार्यहरू शिलान्यासको ढोकाभित्र छिरेको त छ तर परिणामसम्म पुग्न सकेन । एकातिर केन्द्रीय तथ्यांक विभाग तथा राष्ट्र बैंकबाट आर्थिक सूचकांकलाई प्रगतिमा रहेको रिपोर्टहरू सार्वजनिक गराएर सरकारको वाहवाहीलाई जनतामा देखाउने गरिएको छ भने अर्कोतिर राजनीतिमा वर्चस्व पाएका असंख्य व्यक्तिहरू माफियासँग मिलेर देशलाई लुटिरहेका छन् । आर्थिक क्षेत्रमा रहेको अराजकता हटाउन सरकार उदासीन रहेको अवस्थामा बेथितिले राजनीति क्षेत्रमा ठूलो विकृति ल्यायो । असन्तुष्टता र आक्रोशको वातावरण तयार भई ठूला ठूला संघर्षहरू सतहमा देखिन थालियो । विकास, उन्नति, प्रगतिका सपना देखाउने समाजवादीहरूको लोकप्रियतामा ग्रहण लाग्न थाल्यो र राजतन्त्र पुनश्च: सक्रिय भयो ।

०५८ सालमा राजतन्त्रको सक्रियता देशमा बदलाव ल्याउन होइन राजनीति तथा सरकारको स्वामित्व पाउन राजतन्त्र सक्रिय भएको थियो । आर्थिक क्षेत्रको अराजकतालाई नियमन गर्न अर्थ क्षेत्रले पनि आवश्यकता महसुस गरेकाले यही बेला नियमन निकायको रूपमा नेपाल राष्ट्र बैंकले ऐन सार्वजनिक गरी दृढतापूर्वक खडा भयो । च्याउ जस्तै उम्रेका वित्तीय निकायलाई ऐनले घेराभित्र ल्याउने कार्यले नयाँ दर्ता बन्द भई वित्तीय संस्थाहरू मर्जर प्रक्रियामा जान थाले । सतहमा केही सुधार देखिएता पनि गुणात्मक सुधार न्यून नै रह्यो । अर्थ क्षेत्रमा नियामक निकायको उपस्थितिले सानै परिणाममा भएपनि सुधारको क्रम सुरू भयो । अर्थ क्षेत्रको अराजकताले उद्योग क्षेत्रलाई ध्वस्त नै गरिदियो । चर्को राजस्व लगाउने, उत्पादनसँग सरोकार नराख्ने, उद्योगमैत्री वातावरणको अभावमा दिनानुदिन बन्द हुने अवस्थामा गयो । उद्योगपतिरू उत्पादन गर्न छाडेर उत्पादित तयार माल विदेशबाट झिकाएर व्यापार गर्न थाले । समग्रमा हेर्दा देश पराधीन भइसकेको यथार्थलाई सरकारले पचाउन सकिरहेको छैन ।

अर्थतन्त्रको गुणात्मक सुधारका लागि सरकार समक्ष ठूलो चुनौती त छँदैछ । अर्थक्षेत्र जस्तै अरू क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, उद्योग आदिमा पनि नियामक निकायको खाँचो आवश्यक देखिएको छ । उद्योग धन्दा ठप्प हुनु, कृषि क्षेत्र धराशायी हुनु, आयात तीव्र रूपमा बढ्नु, निर्यात घट्दै जानु आदि आर्थिक क्षेत्रमा रहेको भ्रष्ट आचरणको प्रतिफल हो । आर्थिक क्षेत्रमा रहेको अनियमितता प्रगति अवरोधक शक्तिको रूपमा प्रमाणित भएकोले यस्ता विकृतिलाई निरन्तरता दिइयो भने समाजमा द्वन्द्व उठ्नु स्वाभाविक हो । प्रगतिमा बाधक धरातलीय समस्या नहटाइकन उन्नति, प्रगति र विकासको जस्तोसुकै अवधारणा परिणाममुखी हुन नसक्ने मात्र होइन, विद्यमान दुईतिहाई सरकारको अस्तित्वमाथि प्रश्न खडा हुने सम्भावना पनि छ ।

# स्थानीय सरकारसँग जनताको अपेक्षा

स्थानीय सरकार नेपालको संघीय शासन प्रणालीको मेरुदण्ड हो। जनताको प्रतिनिधि भएर उनीहरूको नजिकबाट सेवा प्रवाह गर्ने सरकार स्थानीय तह हो। संविधानले दिएको अधिकार, कानुनी संरचना, निर्वाचित प्रतिनिधिको उपस्थिति, न्यायिक संयन्त्रजस्ता आधारहरूले यसलाई स्थायी सरकारको रुपमा स्थापित गरेको छ। तर, स्थायित्वको अर्थ सधैं गुणस्तर भन्ने होइन। आज धेरै स्थानीय सरकारहरू सेवा प्रवाहमा पूर्वाग्रही, दलिय, अपारदर्शी, गैर-उत्तरदायी देखिन्छन्।



प्रेमचन्द्र झा

नेपालको राजनीतिक, प्रशासनिक तथा संवैधानिक विकासक्रममा हाल स्थानीय सरकारको उपस्थिति निर्णायक बन्दै गएको छ। २०७२ सालको संविधानले संघीयता स्वीकार गरेपछि तीन तहको शासन प्रणाली: संघीय, प्रदेश र स्थानीय तहलाई संवैधानिक मान्यता दिएको छ। संविधानले स्थानीय तहलाई “सरकार“ को रुपमा परिभाषा गरेको छ, जुन विगतको “स्थानीय निकाय“ सँगको संरचनागत भिन्नता मात्र होइन, जिम्मेवारी र अधिकारको दृष्टिकोणले पनि एक क्रान्तिकारी परिवर्तन हो।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सरकारको रुपमा स्पष्ट रुपमा परिभाषित गरेको छ। यसअघि स्थानीय निकायका रुपमा रहेका नगरपालिकाहरू, गाउँ विकास समिति (गाविस) हरूलाई नयाँ संरचनागत आधारमा स्थानीय सरकारको रुपमा पुनर्गठित गरिएको हो। संविधानको अनुसूची ८ ले स्थानीय तहका एकल अधिकारहरू तोकेको छ भने अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहबीच साझा अधिकारहरू निर्धारण गरेको छ। त्यसैले स्थानीय सरकार आज नीतिनिर्माण, योजना निर्माण, सेवा प्रवाह, न्यायिक अधिकार प्रयोगजस्ता विषयहरूमा सक्षम इकाई हो।

स्थानीय सरकार तीन प्रमुख अंगहरूसँग मिलेर बनेको हुन्छ। स्थानीय तहमा निर्वाचित वडा अध्यक्ष, सदस्य, प्रमुख वा उपप्रमुख/मेयर वा उपमेयरबाट बनेको परिषदले विधान, नीति, योजना र बजेट पारित गर्ने कार्य गर्छ। यसले संविधानले दिएको अधिकार अन्तर्गत कानुन निर्माण गर्न सक्ने क्षमता राख्छ। कार्यपालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्षहरू र मनोनित सदस्यहरूबाट बनेको हुन्छ। कार्यपालिकाको बैठकबाट कार्यविधि, निर्देशन, बजेट कार्यान्वयन, सेवा प्रवाह लगायतका नीतिगत निर्णयहरू लिइन्छ। न्यायिक समितिमा उपप्रमुख/उपाध्यक्ष संयोजक हुन्छन्, जसले साना तथा स्थानीय विवादहरू मेलमिलापमार्फत समाधान गर्छन्। यसले जनताले सुलभ रूपमा न्याय पाउने आधार तयार पार्दछ।

स्थानीय सरकारलाई स्थायी सरकार मानिन्छ, किनभने यसका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्यहरू सबै प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित हुन्छन्। यसको तुलनामा संघीय र प्रदेश सरकार संसदको बहुमतमा आधारित हुन्छन्, जुन कहिले पनि फेरबदल हुनसक्छ। संसदीय राजनीति अस्थिर हुँदा सरकारले बारम्बार परिवर्तन हुनसक्छ, तर स्थानीय सरकार पाँच वर्षका लागि निश्चित अवधिका लागि चुन्निएको हुन्छ। यसका केही विशेषताहरू यस्ता छन्: प्रत्यक्ष निर्वाचन, जनतासँग प्रत्यक्ष सम्पर्क, सेवा प्रवाहमा अग्रसरता, भू-प्राकृतिक नजिकको शासन, योजना कार्यान्वयनमा तत्काल प्रतिक्रिया। स्थानीय सरकार जनताको घरदैलोमै सेवा पुऱ्याउने शासन हो।

नागरिकता, जन्म-मृत्यु दर्ता, वडा सिफारिस, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक निर्माण आदि सीधा जनसरोकारका सेवाहरू स्थानीय सरकारले दिन्छ। स्थानीय योजना, ग्रामीण पूर्वाधार, साना उद्योग, सहकारीको प्रवर्द्धन, कृषिमा अनुदान, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरणजस्ता कार्यहरू स्थानीय सरकारको नेतृत्वमै हुन्छ। संघीयता अभ्यास गर्ने पहिलो तह स्थानीय सरकार हो। यसमार्फत जनताको प्रतिनिधित्व, सहभागिता, पारदर्शिता, जवाफदेहिता र समावेशी विकास कार्यान्वयनमा देखिन्छ।

स्थायी भए पनि व्यावहारिक रुपमा धेरै समस्या देखा परेका छन्, जस्तै दलियकरणको प्रभाव, जनसेवाभन्दा कार्यकर्ताप्रेम, प्रतिपक्षको कमजोर भूमिका, कर्मचारी प्रशासनमा निर्भरता, पारदर्शिता र जवाफदेहिताको अभाव। वर्तमानमा अधिकांश स्थानीय तहमा दलिय उम्मेदवारमार्फत निर्वाचन हुन्छ। जनप्रतिनिधिहरूको कार्यप्रणालीमा पार्टीको निर्देशन प्रभावशाली देखिन्छ। यसले नीति निर्माण र सेवा प्रवाहमा पक्षपात, पूर्वाग्रह उत्पन्न गरेको छ। जनसेवामा भन्दा आफ्ना पार्टीका कार्यकर्ताहरूलाई रिझाउन प्राथमिकता दिने प्रवृत्तिले सेवाको गुणस्तरमा ह्रास आएको छ। विकास योजना ठेक्कापट्टा वितरणमा पनि पार्टीगत झुकाव देखिएको छ। स्थानीय तहमा प्रतिपक्षको भूमिका न्यून छ। प्रतिपक्षको अनुपस्थितिमा नीति निर्माण वा बजेट कार्यान्वयनमा पर्याप्त निगरानी हुन सक्दैन। कागजी रुपमा स्थानीय सरकार सशक्त भए पनि प्राविधिक, आर्थिक र प्रशासनिक रूपमा केन्द्र वा प्रदेश सरकारमाथि निर्भरता अझै उच्च छ। कतिपय स्थानीय तहमा योजना छनोटदेखि बजेट खर्चसम्म पारदर्शिता अभाव देखिन्छ। जनगुनासो, सामाजिक लेखापरीक्षणजस्ता अभ्यासहरू कमजोर छन्।

यी समस्याको समाधानका लागि सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक छ। जस्तै पार्टी प्रणालीबिना स्थानीय निर्वाचनको विकल्पमा छलफल, प्रतिपक्षको भूमिकालाई स्पष्ट र प्रभावकारी बनाउने, सामाजिक लेखापरीक्षण अनिवार्य गर्ने, योजना छनोटदेखि कार्यान्वयनसम्म नागरिकको सहभागिता सुनिश्चित गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिमा लगानी गर्ने, सूचना प्रवाह तथा प्रविधिको प्रयोग बढाउने, र भ्रष्टाचार नियन्त्रणमा कठोर उपायहरू अपनाउने।

आज जनताले तीन तहका सरकारहरूबाट के अपेक्षा गरेका छन् भन्ने कुरा बुझ्नु जरुरी छ। संघीय सरकारले राष्ट्रिय नीति निर्माण, सुरक्षाको सुनिश्चितता, मूल पूर्वाधार विकासमा भूमिका खेल्नुपर्ने अपेक्षा गरिएको छ। प्रदेश सरकारले क्षेत्रीय सन्तुलन, भाषा-संस्कृति, शिक्षा, स्वास्थ्यमा नीति निर्माण तथा सेवा प्रवाह गर्नुपर्ने अपेक्षा छ। तर, सबैभन्दा बढी जनताको सरोकार स्थानीय सरकारसँग हुन्छ। घरनजिकको सरकार भएकाले सेवाप्रवाह, विकास निर्माण, सशक्तिकरण, न्याय प्राप्तिमा स्थानीय तहको भूमिका निर्णायक छ।

जनताको विश्वास जित्नका लागि सरकारहरूले जवाफदेही शासन प्रणालीलाई व्यवहारमा उतार्नुपर्छ। आफ्ना कामको समीक्षा समय समयमा जनतासँग बाँड्नुपर्छ। योजना छनोटमा जनताको सक्रिय सहभागिता हुनुपर्छ। भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक खरीद प्रक्रिया पारदर्शी बनाउने, अनुगमन र लेखापरीक्षण प्रक्रिया कडा बनाउने, डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्ने। तीन तहबीचको समन्वयलाई मजबुत बनाएर स्रोतको दोहोरो प्रयोग रोक्नुपर्छ। अनलाइन सेवा प्रणाली, डिजिटल फिडब्याक सिस्टम, र गुनासो व्यवस्थापन पोर्टलमार्फत नागरिकको आवाजलाई संस्थागत गरिनुपर्छ। युवालाई सशक्त बनाउने, नवप्रवर्तनशील योजनामा जोड दिने, स्मार्ट गाउँ र डिजिटल नगरको अवधारणा कार्यान्वयन गर्ने। महिला, दलित, जनजाति, मुस्लिम, मधेसी, अपाङ्गता भएका नागरिकहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै, उनीहरूका लागि लक्षित कार्यक्रम ल्याउने।

स्थानीय सरकार नेपालको संघीय शासन प्रणालीको मेरुदण्ड हो। जनताको प्रतिनिधि भएर उनीहरूको नजिकबाट सेवा प्रवाह गर्ने सरकार स्थानीय तह हो। संविधानले दिएको अधिकार, कानुनी संरचना, निर्वाचित प्रतिनिधिको उपस्थिति, न्यायिक संयन्त्रजस्ता आधारहरूले यसलाई स्थायी सरकारको रुपमा स्थापित गरेको छ। तर, स्थायित्वको अर्थ सधैं गुणस्तर भन्ने होइन। आज धेरै स्थानीय सरकारहरू सेवा प्रवाहमा पूर्वाग्रही, दलिय, अपारदर्शी, गैर-उत्तरदायी देखिन्छन्। योजना निर्माण र कार्यान्वयनमा पारदर्शिता र सहभागिता अभाव छ। दलियकरणले स्थानीय सरकारको लोकतान्त्रिक चरित्रलाई क्षतिग्रस्त बनाएको अवस्था छ।

पार्टी प्रणाली बिना स्थानीय निर्वाचनको विकल्प, प्रतिपक्ष बलियो बनाउने संरचना, सामाजिक लेखापरीक्षण अनिवार्य बनाउने, नागरिक सहभागिता सुनिश्चित गर्ने, कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि, सूचना प्रवाह र डिजिटल सेवा प्रणालीको विकास, भ्रष्टाचार नियन्त्रण र जवाफदेही शासनजस्ता उपायहरू अवलम्बन गरिन सकेमा मात्र स्थानीय सरकारले जनताको विश्वास जित्न सक्छ। त्यस्तै, प्रदेश र संघीय सरकारले पनि सेवा प्रवाहमा तल्लो तहसँग समन्वय गर्दै जिम्मेवार भएर काम गर्नु आवश्यक छ।

अन्ततः, तीन तहका सरकारहरूको उद्देश्य एउटै हुनुपर्छ - जनताको सेवा, अधिकारको रक्षा, र समावेशी तथा दिगो विकास। यही साझा उद्देश्यमा समर्पित शासन पद्धतिबाट मात्र संविधानले परिकल्पना गरेको समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार हुन सक्छ।

# महाधिवेशन तथा संगठन सुदृढीकरण सम्बन्धमा लोसपा अध्यक्ष ठाकुरलाई महासचिव मिश्रको सुझाव

आदरणीय अध्यक्षजी,
मिति: २०८२/०५/०८
लोकतान्त्रिक समाजबादी पार्टी नेपाल
केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं।
विषय : महाधिवेशन तथा संगठन सुदृढीकरण सम्बन्धमा सुझाव

सर्वप्रथम हामी चौथो वर्षको पूर्वसन्ध्या अर्थात् लोकतान्त्रिक समाजवादी पार्टी नेपालको स्थापना भएको २०७८ भदौ ९ मा र आज हामी २०८२ भदौ ८ गते महत्वपूर्ण पदाधिकारी बैठकमा पार्टीको आगामी कार्यनीति तथा महाधिवेशनबारे छलफलका निम्ति बैठक प्रारम्भ भएको छ। यसका लागि सम्पूर्णमा पार्टी स्थापनाको हार्दिक बधाई तथा आगामी कार्यदिशा प्रष्ट र हाम्रो संगठनिक जनाधार पूर्णरूपेन बलियो होस् भनी शुभकामना दिन चाहन्छु।

आदरणीय अध्यक्षजी, लोकतान्त्रिक आन्दोलन, मधेश अधिकार, संघीयता, समानुपातिक, समावेशीको लडाईमा हजुरले गरेको योगदान र खेलेको भूमिका सधैं स्मरणीय नै रहनेछ। आज हामी लोकतान्त्रिक समाजवादी पार्टी नेपाल स्थापना गरी चौथो वर्ष पार गरी पाँचौं वर्षमा प्रवेश गर्दागर्दै विगतका विभिन्न अप्ठ्यारो क्षणहरु, कालखण्डहरु, प्रतिकूल अवस्थाहरूसँगै रहेका साथीहरुले दिएको सहादतहरु तथा विभिन्न आरोह अवरोहहरुलाई म सम्झिन चाहन्छु। हामी यहाँ बसेको सम्पूर्ण नेताहरुमा मैले भनेका यी प्रतिकुल अवस्थाबाट गुज्रिएका कैयौं अनुभवहरू होलान् एवम् केही कुरा झट्ट मानसपटलमा पनि आएको होला। तथापि अध्यक्षजी लगायत शीर्ष नेतागण एवं हामी सम्पूर्णको एउटै लक्ष्य थियो जुन हजुरले संघर्ष गर्दै आएको राज्य जनताको हुनुपर्दछ, जनतालाई कमजोर पारी देश समृद्ध हुन सक्दैन। तसर्थ राज्यले गरेका विभेद विरुध हामी बोल्नुपर्दछ लड्नुपर्दछ। त्यसका संवैधानिक आधारहरू माथि भनेजस्तै लोकतान्त्रिक व्यवस्था संघीय प्रणाली र समानुपातिक समावेशी सिद्धान्त तहत राज्य अगाडि बढ्नुपर्छ भन्ने हो।

आज हामी यी सबै कुराहरूलाई अंगीकार गरी एक ढिक्का भई एउटै स्वरले हामी लोसपा नेपालका नेता कार्यकर्ता भनी अगाडि बढेका छौं। हाम्रो सामु धेरै चुनौती तथा परीक्षाहरू आए। तर म विगतका कुराहरुमा जान चाहन्न। सबैजनाले बुझेकै हुनुहुन्छ हामी सम्पूर्ण चुनौतीलाई चिर्दै निष्ठाका साथ हजुरको नेतृत्वलाई स्वीकारी अगाडि बढ्ने साहस गरेका छौं, त्यसमा हामी गौरवान्वित भएका छौं।

हजुर जस्तो सदाचारी लोकतान्त्रिक नेता पाउँदा हामी गौरवान्वित हुनुका साथै, हाम्रा वरिष्ठ नेता, वरिष्ठ सह- अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव लगायत नेता साथीहरु जस्ता अनुभवी, क्रियाशील, अटल विश्वास ऊर्जावान नेताहरूको टिमले हर्षित भएका छौं। अब हामी हजुरको नेतृत्वमा एउटा लक्ष्य राखेका छौं सायद यो कुरा भयो भने हजुरले गरेका त्याग तपस्या तथा संघर्षमा एउटा अध्याय अझ सफल भएको मानिने छ।

हाम्रो विचार सफा छ। सिद्धान्तमा अडिक छौं। कार्यान्वयनको लागि प्रयासरत छौं। तर यी सबैलाई व्यवस्थित गर्न चाहिने घर यानी कि पार्टी जसलाई हजुरकै नेतृत्वमा व्यवस्थित गर्ने अवस्था छ। सम्भव पनि छ। हामी थुप्रै उदाहरणहरु देख्यौ। नेपालकै कुरा गर्ने हो भने कांग्रेस एमालेहरू व्यवस्थित तवरले अगाडि बढेका छन्। भने माओवादी नेकपा एस लगायत नयाँ पार्टीहरु अहिले पनि अस्तव्यस्तको अवस्थामा छ। त्यस्तै नेपालको आधीभन्दा बढी जनघनत्व रहेको ठाउँमा दुईवटा पार्टी व्यवस्थित तवरले अगाडि बढ्ने अवस्था बन्न सक्छ। त्यसमा हामी लोसा नेपाललाई अगाडि बढाउन सक्छौं। पार्टी व्यवस्थित गर्नको लागि कुशल नेतृत्व, दूरदर्शी नेता, जनताको आकर्षणको केन्द्र बिन्दु, युवा नेतृत्व, प्रस्ट विचार, सिद्धान्तमा अडिग, कार्यालय व्यवस्थापन कुशल, राज्यको तल्लो तहसम्मको सांगठनिक अवस्था बलियो, यी र यस्ता केही कुरालाई हामी व्यवस्थापन गर्न सक्यो भने हामी नेपालको छोटो समयमा तेस्रो ठूलो दल बन्ने प्रबल सम्भावना रहन्छ।

त्यसका लागि मेरा केही सुझावहरू छन्। जुन यस प्रकार छ :

हाल हामीसँग
- पदाधिकारी सङ्ख्या- ७२ जना
- केन्द्रीय समिति - ३६९ जना
– सचिवालय
– स्थानीय तहको प्रमुख - १६ जना
- उपप्रमुख - १२ जना
- वार्ड अध्यक्षहरू - १०३ जना
- जिल्ला समन्वय समिति प्रमुख - १ जना
- मधेश प्रदेश सभा सदस्य - ९ जना
- लुम्बिनी प्रदेश सभा सदस्य - ३ जना
- राष्ट्रिय सभा सदस्य - १ जना
- प्रतिनिधि सभा सदस्य ४ जना
- जिल्ला समिति २३ वटा
- प्रदेश समिति ३ वटा
- भातृ तथा शुभेच्छुक संगठनहरूमा विधानले परिकल्पना गरेको २८ वटा तर त्यसमा चारवटा थप्नुपर्ने आवश्यकता रहेको छ।

१) लोकतान्त्रिक स्वास्थ्य व्यवसायी संघ
२) लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघ
३) लोकतान्त्रिक निर्माण व्यवसायी संघ
४) लोकतान्त्रिक होटल व्यवसायी संघ

जम्मा ३२ वटा छन्। हालसम्म १२ वटा पूर्णता पाएका छन्।

भातृ संगठन वा शुभेच्छुक संगठनले कहाँ र कसरी काम गर्दैछन् त्यसको केही लेखाजोखा छैन।

पूर्ण रुपेन अव्यवस्थित भएको अवस्था छ। सचिवालय छ तर सचिवालयबाट भएका निर्णयहरू न्यून मात्रामा कार्यान्वयन हुने गरेका छन्। प्रशिक्षणको अभावले केन्द्रीय समितिका नेताहरु विभिन्न राजनीतिक कुराहरूमा अलमलमा परेका देखिन्छन्। त्यसको परिणाम एउटै विषयमा विभिन्न व्यक्तिका फरक-फरक धारणाहरू आएका हुन्छन्।

हामी महाधिवेशनको तयारीमा छौं। महाधिवेशनका निम्ति हामीले सदस्यता अभियान सञ्चालन गर्यौ तर हालसम्म कति सदस्यता वितरण भयो आधिकारिक रेकर्ड छैन। केन्द्रीय महाधिवेशनको निम्ति बारम्बार पालिका अधिवेशनको मिति घोषणा भएको छ तर हालसम्म केन्द्रीय कार्यालयमा कतिवटा ठाउँमा भयो या अवस्था के छ त्यसको अधिकारीक रेकर्ड छैन।

तसर्थ यी र यस्ता कुराहरूलाई न्यूनीकरण गर्न संगठन व्यवस्थित गर्न तथा समयमा महाधिवेशन गराउन निम्न अनुसारको बुँदाहरू स्पष्ट पार्न चाहन्छु।

१) महाधिवेशन

अबको समय हामीसँग एक वर्ष बाँकी रहेकोले, छ महिनापछि अर्थात् फाल्गुनको समय सीमा निर्धारण गरौं र त्यही समयमा महाधिवेशन गर्ने जोडबल गरौं। बारम्बार समय सार्नुपर्ने अवस्थाले साथीहरू अल्छीपन हुने र फेरि मिति नयाँ तय भइहाल्छ भनेर समय टार्ने मात्र पाइएको अवस्था छ।

महाधिवेशनको मिति को बारेमा मेरो प्रस्ताव यस प्रकार छ।
- केन्द्रीय महाधिवेशन फागु
- प्रदेश अधिवेशन- माघ
- जिल्ला अधिवेशन - पौष
- प्रदेश सभा अधिवेशन तथा प्रतिनिधि सभा अधिवेशन - कार्तिक र मंसिर
- वडा र पालिका अधिवेशन - भदौ र असोज

पार्टी पदाधिकारीबाट प्रत्येक जिल्लाको निम्ति वडादेखि जिल्ला अधिवेशनसम्म १ / १ जना प्रभारी तोक्ने।

जसले आउने जाने व्यवस्थापन स्वयंले गर्नुपर्ने र बस्ने खाने व्यवस्थापन जिल्लाका कार्यसमितिले गर्नुपर्ने।

जिल्लाभरिमा कुनै पनि तहमा समस्या आए समस्या समाधान गर्ने हेतु भूमिका खेल्ने।

समस्या समाधान नभएको खण्डमा प्रदेश समितिसँग समन्वय गरी समाधान गर्न लगाउने। त्यो पनि नभएको खण्डमा केन्द्रको अन्तिम निर्णय मान्य हुने तर यो सबै कुरा अधिवेशनको अवधिको कुरा भएकोले चाँडै यसको निकास मा सम्पूर्ण सरोकारवालाहरूले जोड दिनुपर्ने।

२) संगठन

राज्यको सांगठनिक अवस्था
१) स्थानीय तह ७५३
२) गाउँपालिका ४६०
३) नगरपालिका २९३
४) वार्ड ६७४३

२३ वटा जिल्लामा हुन .
१) स्थानीय तह २९५
२) गाउँपालिका १२९
३) नगरपालिका १६६
४) वार्ड २८४२

लोसपा नेपालको हालसम्मको सांगठनिक अवस्था

२३ वटा जिल्लामा जिल्ला कार्यसमितिहरू विस्तार भइसकेको छ। जिल्लाहरू निम्ननुसारका छन्।

(मोरङ, सुनसरी, झापा, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, काठमाडौं, ललितपुर, जुम्ला)

प्रवास समिति
(भारत, साउदी)

यी २३ वटा जिल्ला विस्तार भइसकेको र अरु जिल्लाहरूमा सांगठनिक कार्यक्रमहरू अगाडि बढ्दै गइरहेकोले, यी २३ वटा जिल्लाको वार्डदेखि पालिकासम्म हामीले राम्रोसँग फोकस गर्न सक्यो भने यसैको मतले प्रदेश सभा तथा प्रतिनिधि सभामा प्रभाव पर्ने एवं समानुपातिक मत वृद्धि भई तेस्रो ठूलो दलको परिकल्पना पुरा हुनेछन्।

३) भातृ संगठन/शुभेच्छुक संगठन को बारेमा

हामीसँग ३२ वटा भातृ संगठन तथा शुभेच्छुक संगठन को परिकल्पना छन् तर हालसम्म १२ वटा भातृ संगठन तथा शुभेच्छुक संगठनहरूले मात्र पूर्णता पाएको छ।

पूर्णता पाउनेहरूमा
१) लोकतान्त्रिक विद्यार्थी संघ
२) लोकतान्त्रिक युवा संघ
३) लोकतान्त्रिक महिला संघ
४) लोकतान्त्रिक प्राध्यापक संघ
५) लोकतान्त्रिक शिक्षक संघ
६) लोकतान्त्रिक मुस्लिम संघ
७) लोकतान्त्रिक सांस्कृतिक तथा कलाकार संघ
८) लोकतान्त्रिक ट्रेड युनियन महासंघ
९) लोकतान्त्रिक पत्रकार संघ
१०) लोकतान्त्रिक नाई संघ
११) लोकतान्त्रिक कानुन व्यवसायी संघ
१२) लोकतान्त्रिक स्वास्थ्य व्यवसायी संघ

असोज भित्र सम्पूर्ण भातृ संगठन तथा शुभेच्छुक संगठनहरूलाई पूर्णता दिन सचिवालयलाई निर्देश गर्नुपर्ने। भातृ संगठन तथा शुभेच्छुक संगठनहरूको प्रभारी तोकिए पनि समन्वयको अभावले कार्यले गति लिन नसकेकेको वा संगठित कार्यमा अभाव देखिएको छ।

यसको लागि भातृ / शुभेच्छुक संगठनको अध्यक्षहरूलाई प्रभारीसँग सहकार्य गरी काम अगाडि बढाउन निर्देश गर्नुपर्ने। साथै कामको रिपोर्टहरू प्रभारी तथा अध्यक्षको हस्ताक्षरले केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने।

कुनै पनि भात्री वा सुभेक्षुक संगठनको समस्या भए उक्त संगठनको कार्यसमिति अध्यक्ष / संयोजकद्वारा समाधान गर्नुपर्ने, नभए प्रभारी सँग समन्वय गरी गर्नुपर्ने।

त्यो पनि नभएको खण्डमा पार्टी अध्यक्ष स्वयं वा उहाँले तोकेको पदाधिकारीको निर्णय अन्तिम निर्णय हुनुपर्ने।

हाल भइरहेको कुनै पनि कुरा सिधै अध्यक्षजी द्वारा समस्या समाधान खोज्नु यसले कुराहरू प्रस्टसंग नआईसकेको हुदा, अध्यक्षजी समेतलाई अलमलमा पर्ने स्थिथि सिर्जनाभएको देखियो। यस्तो अवास्थामा प्रभारी र अध्यक्षलाई समेत बोलाई यथार्थ कुरामा पुग्नुपर्ने देखिन्छ। यसले संगठनलाई बलियो बनाउन र समस्या समाधान गर्न सहयोग पुग्नेछ।

प्रत्येक महिनाको रिपोर्ट प्रभारी मार्फत केन्द्रीय कार्यालयमा जानकारी गराउन सम्पूर्ण भातृ तथा शुभेच्छुक संगठनलाई निर्देश गर्ने र उक्त कुराको फाइलिङ केन्द्रीय कार्यालयमा गर्नुपर्ने।



**मनिष मिश्र**
**महासचिव, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

राम्रो कार्य गरेको भात्री तथा शुभेच्छुक संगठनहरूलाई प्रोत्साहन स्वरूप पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्ने।

४) कार्यालय व्यवस्थापन
- लोसपा नेपाल को वेबसाइट- www.lsp.org.np छ।
– सम्पूर्ण लोस्पा नेपालसँग सम्बन्धित समाचार तथा राजनीतिक गतिविधिहरू अप टु डेट गर्नुपर्ने।
- प्रत्येक जिल्ला भात्री संगठन पदाधिकारीहरू तथा केन्द्रीय कार्य समितिहरूको फाइलिङको व्यवस्था गर्नुपर्ने।
- यसले आवश्यकता परेको बेला पार्टीले कुनै पनि जिल्लाको बारेमा जान्न चाहेको कुरा तुरुन्त भेटियोस्।
- पार्टीको संगठनिक विज्ञप्ति अध्यक्ष वा महासचिव र प्रेस विज्ञप्ति अध्यक्ष वा प्रवक्ताद्वारा हस्ताक्षरित हुनुपर्ने।
- पार्टीका नेताहरूले गरेका कार्यहरूको बारेमा छोटकरीमा ब्रिफिङ तयार पारी पार्टीभित्र सम्पूर्ण नेता कार्यकर्ता तथा जनताहरूलाई जानकारी गराउने।
- सामाजिक सञ्जाललाई सदुपयोग गर्ने।
- पार्टी कम्पाउन्ड भित्र भएका सम्पूर्ण गतिविधिको व्यवस्थापन गर्ने।

५) सचिवालय
- प्रत्येक हप्तामा एकचोटी बैठक बस्ने र हप्ताभरिको विश्लेषण गर्ने।
- हामीले राजनीतिक हिसाबले गरेका कुरा हरु लाई देश जनता लाई जानकारी गराउने।
- कार्यालय व्यवस्थापनमा भएको समस्याको समाधान गर्ने।
- समसामयिक राजनीतिक कुराहरू को बारेमा केही भए सचिवालयमा छलफल गरी पार्टी अध्यक्ष लगायत नेतागणलाई जानकारी गराउने।
- प्रत्येक दिन कार्यालय अवधिभरि संगठन हेर्ने एक पदाधिकारीलाई अनिवार्य कार्यालय समयभित्र पार्टी कार्यालय बस्ने व्यवस्था मिलाउने।
- पार्टी सञ्चालनको क्रममा सचिवालयले गरेको निर्णय अध्यक्षद्वारा स्वीकृतिपछि कराइका साथ लागू गर्नुपर्ने।

६) कोष

राजनीतिमा कोष अपरिहार्य भएकोले आन्तरिक तथा बाह्य कोषको तालमेल मिलाउनुपर्ने।

आन्तरिक भनेको लेवी हो भने बाह्य भनेको समाजद्वारा लिने आर्थिक सहयोग हो।

हामी समाजको लागि काम गर्ने भएकोले सामाजिक सहयोग अपरिहार्य छ।
- कोष बलियो बनाउन जरुरी छ।
- कोष बलियो बनाउनका निम्ति मेरो प्रस्ताव यस प्रकारका छन्।
- प्रत्येक पदाधिकारी आफू वा आफ्नो तर्फबाट कुनै १० जना व्यक्तिद्वारा रु १० हजारको हिसाबले रु १ लाख जम्मा गर्नुपर्ने।
- केन्द्रीय सदस्य पुरुषले आफू वा आफ्नो तर्फबाटकुनै पाँचजना व्यक्तिद्वारा रु १० हजार को हिसाबले सहयोग स्वरूप रु ५० हजार जम्मा गर्नुपर्ने।
- केन्द्रीय सदस्य महिलाले आफू वा आफ्नो तर्फबाट रु १० हजार नबढाई कुनै व्यक्ति हरुद्वारा २५ हजार सम्मको रकम जम्मा गर्नुपर्ने।

यस प्रकार हुन आउने रकम लगभग रु २ करोड हुन जान्छ। जस्तै :
पदाधिकारी- ७२ × १ लाख ७२ लाख
केन्द्रीय सदस्य पुरुष १९९ × ५० हजार = ९५ लाख ५० हजार
केन्द्रीय सदस्य महिला १०६ × २५००० = २६ लाख ५० हजार
जम्मा = १ करोड ९४ लाख

यो बाहेक लेवी तथा राजनीतिक नियुक्ति भएका व्यक्तिहरूबाट आउने सहयोग छँदैछ।

यसरी हामी कमसेकम ३ करोडसम्मको कोष बनाएर अगाडि बढ्यो भने बैंकको फिक्स डिपोजिटमा मात्र राखे रू. २० लाख सम्म वर्षको ब्याज आउनेछ र लेबीबाट आउने रकम छदैछ। यसरी हामी आत्मनिर्भर हुनेछौ।

# कुशे औंसी : धार्मिक अनुष्ठान मात्र होइन, पीढीगत सम्बन्धको जीवित सेतु



रमेश कुमार बोहोरा

हाम्रो देश नेपालको सांस्कृतिक चेतनामा जरा गाडेर बसेका पर्वहरूलाई नजिकबाट नियाल्दा प्रष्ट बुझ्न सकिन्छ कि तिनीहरू केवल धार्मिक अनुष्ठान वा कर्मकाण्डमा सीमित छैनन् । तिनीहरूले परिवार, समाज, मूल्य, अनुशासन, परम्परा र सामूहिक चेतनाको अदृश्य धागोलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा हरेक पर्वले फरक-फरक अर्थ बोकेका हुन्छन् । तर कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिन जसलाई पितृ औंसी पनि भनिन्छ यस समाजका गहिरा भावनात्मक र सांस्कृतिक तहमा प्रभाव पार्ने विशेष पर्व हो । भाद्र कृष्ण औंसीका दिन मनाइने यो पर्व हिन्दू धर्मशास्त्रमा पितृ श्राद्ध र बुबाप्रतिको कृतज्ञता व्यक्त गर्ने अवसरका रूपमा चित्रण गरिएको छ। यो दिन अमावस्याको रात अर्थात चन्द्रमाको पूर्ण अभावको क्षणसँग गाँसिएको छ जसलाई अध्यात्मले 'नयाँ चक्रको सुरुआत' को रूपमा पनि लिन्छ। भगवान् विष्णुको प्रतीकका रूपमा कुशलाई घरमा भित्र्याउने, शुद्धता कायम गर्ने, पितृलाई सम्झेर तर्पण गर्ने र बुबाप्रति कृतज्ञता प्रकट गर्ने परम्पराले यस पर्वलाई धार्मिक, सामाजिक र भावनात्मक तीनै तहमा विशेष बनाएको छ ।

कुशे औंसीलाई नजिकबाट हेर्दा प्रष्ट हुन्छ कि यो केवल धार्मिक अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो पर्वले पिताप्रतिको श्रद्धा र स्मरणलाई केन्द्रमा राख्दै परिवारलाई एकताबद्ध बनाउने समाजशास्त्रीय भूमिका पनि खेलेको छ । आमाबुबा जीवनका पहिलो शिक्षक, संरक्षक र मार्गदर्शक हुन्। उहाँहरुको योगदान बिना सन्तानको अस्तित्वको कल्पना गर्न सकिँदैन । यही कारण नेपाली समाजमा आमाबुबालाई देवताको स्थान दिइएको छ । बुबाको मुख हेर्ने दिनले सन्तानलाई आफ्ना बुबाको अनुहार अवलोकन गर्ने, फूलमाला अर्पण गर्ने, मिठा खानेकुरा चढाउने र आशीर्वाद लिन दिने परम्परालाई जीवन्त बनाएको छ । आशीर्वादलाई जीवनयात्राको दिशानिर्देशक शक्ति मानिने विश्वासले यस पर्वलाई अझ अर्थपूर्ण बनाएको छ ।

दिवंगत बुबाका सन्तानका लागि यो दिन अझ संवेदनशील र भावनात्मक हुन्छ । परम्पराअनुसार पितृ औंसीमा गोकर्णेश्वर, बागमती वा अन्य तीर्थस्थलमा गई पितृ तर्पण गर्ने चलन छ। श्राद्ध गरेर पितृ आत्माको शान्ति कामना गर्ने अभ्यास धार्मिक मात्र नभई सामाजिक दृष्टिले मृतकप्रतिको कृतज्ञता र स्मरण हो। हिन्दू संस्कृतिमा मृतकलाई बिर्सनु कमजोरी मानिन्छ। त्यसैले श्राद्धजस्ता परम्पराले मृतकलाई निरन्तर सम्झाउने, उनीहरूको योगदानलाई जीवन्त राख्ने र आत्माको शान्ति खोज्ने अभ्यासलाई निरन्तरता दिएका छन्। यही कारण गोकर्णेश्वरलाई "नेपाली गया" भनिन्छ जहाँ हरेक वर्ष हजारौं श्रद्धालु जम्मा भएर पितृलाई जल अर्पण गर्छन् । भारतको गया, वाराणसी वा प्रयागजस्तै नेपालमा गोकर्णको धार्मिक महत्व यसको स्पष्ट प्रमाण हो ।

इतिहासका पानामा हेर्दा पितृपूजाको परम्परा अत्यन्तै प्राचीन छ । ऋग्वेददेखि महाभारतसम्म पितृदेवतालाई सम्मान गरिएको उल्लेख पाइन्छ । महाभारतमा युधिष्ठिरले पितृ तर्पण नगरेसम्म शान्ति नपाएको कथनले यसको गहिरो महत्त्व प्रस्ट्याउँछ। हिन्दू धर्ममा पितृलाई देवताभन्दा कम मानिँदैन । पितृ प्रसन्न भए देवता पनि प्रसन्न हुने विश्वास आज पनि अटल रूपमा कायम छ । यस आधारमा पितृ औंसीलाई केवल धार्मिक अनुष्ठान नभई पीढीगत सम्बन्धलाई जोड्ने सामाजिक सेतुका रूपमा बुझ्न सकिन्छ ।

समाजशास्त्रीय दृष्टिले कुशे औंसीको महत्त्व संयुक्त परिवार प्रणालीको उत्कर्षकालमा अझै प्रस्ट देखिन्थ्यो । दाजुभाइ, दिदीबहिनी, नातागोता सबै बुबाको मुख हेर्न वा पितृ श्राद्ध गर्न एउटै स्थानमा भेला हुने परम्पराले सम्बन्धलाई मजबुत बनाएको थियो । त्यो अवसर परिवारलाई मात्र होइन सम्पूर्ण समुदायलाई पनि जोड्ने माध्यम बन्ने गर्दथ्यो । आज संयुक्त परिवार कमजोर बन्दै गएको छ वैदेशिक रोजगारीले छोराछोरीलाई टाढा पुऱ्याएको छ तर प्रविधिको प्रयोगमार्फत भिडियो कल वा सामाजिक सञ्जालमार्फत पनि यस पर्वलाई निरन्तरता दिइनु यसको जीवन्तताको प्रमाण हो ।

कुशे औंसीलाई आधुनिकीकरणले नयाँ आयाम पनि दिएको छ । विगतमा छोराहरू मात्र सहभागी हुने परम्परा भए पनि अहिले छोरीहरूले पनि समान अधिकारका साथ बुबाप्रति श्रद्धा प्रकट गर्ने अभ्यास सुरु गरेका छन् । यसले लिङ्ग समानताको चेतनालाई बलियो बनाएको छ । आधुनिक समाजशास्त्रीहरूका अनुसार बुबा-छोरी सम्बन्धलाई सार्वजनिक रूपमा सम्मानित गर्ने यो अभ्यासले पितृपूजाको अवधारणालाई समावेशी बनाएको छ । तर आलोचनात्मक दृष्टिले हेर्दा आधुनिक पुस्ता विशेषत: शहरी युवापुस्ताले यस्ता परम्पराप्रति उदासीनता देखाएका छन् । व्यावसायिक व्यस्तता, आधुनिक जीवनशैली र धार्मिक चेतनामा आएको खुकुलोपनले बुबाको मुख हेर्ने दिनलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा शुभकामना पोस्ट गर्ने अवसरका रूपमा सीमित गरेको छ। धेरै युवाले कुशे औंसीलाई "फादर्स डे" को नेपाली संस्करण मात्र ठान्ने गरेका छन् । तर वास्तवमा यो दिन आध्यात्मिक अभ्यास, पितृ स्मरण र सामाजिक कर्तव्यसँग गहिरो सम्बन्ध राख्छ । धार्मिक समाजशास्त्रीहरूको भनाइमा "फादर्स डे" व्यक्तिगत सम्बन्धमा केन्द्रित हुन्छ भने कुशे औंसीले जीवित मात्र होइन, दिवंगत बुबाप्रति पनि श्रद्धा प्रकट गर्ने फरक चेतना बोकेको छ ।

यस दिन दान-पुण्यको अभ्यास पनि महत्त्वपूर्ण मानिन्छ । बुबाको मुख हेरेर मात्र नभई पितृको नाममा गरिने दानले समाजमा सहयोग र परोपकारको संस्कारलाई मजबुत बनाउँछ । कतिपय ठाउँमा ब्राह्मणलाई अन्नदान गर्ने, गरिबलाई भोजन वा कपडा वितरण गर्ने चलन अझै प्रचलित छ। यसरी कुशे औंसी व्यक्तिगत परिवारसम्म सीमित नभई सामूहिक सामाजिक उत्तरदायित्वलाई बलियो बनाउने पर्व बनेको छ ।

गोकर्णेश्वर क्षेत्रमा कुशे औंसीका दिन लाखौं भक्तजनको भीड लाग्छ । तीर्थयात्रीहरूको बढ्दो संख्या आफैंमा प्रमाण हो कि आधुनिकता र प्रविधिको युगमा पनि मानिसहरू आफ्ना परम्परासँग जोडिन चाहन्छन् । तर भीड व्यवस्थापनमा सरकारी असक्षमता, सरसफाइको अभाव, यातायात समस्या र धार्मिक स्थलमा व्यापारीकरण बढ्नुजस्ता गुनासा पनि उत्तिकै छन् । पितृश्राद्धजस्तो गम्भीर अभ्यासलाई असहज बनाउन यस्ता व्यवस्थापकीय कमजोरीहरू जिम्मेवार छन् ।

भावनात्मक दृष्टिले पनि यो पर्व गहिरो छ । दिवंगत बुबाका सन्तानका लागि यो दिन पीडादायी हुन्छ । बुबाको अभावले सन्तानलाई असहज बनाउँछ । तर श्राद्ध र पितृतर्पणले मृतकसँग आध्यात्मिक सम्बन्ध कायम राख्ने संस्कृतिले भावनात्मक सन्तुलन दिन्छ । धेरैले अनुभव गरेका छन्, श्राद्ध गरेर वा दान गरेर लाग्छ कि बुबा अझै वरिपरि हुनुहुन्छ । यसरी धार्मिक अभ्यासले मानिसलाई भावनात्मक राहत दिने, दु:खलाई सहने शक्ति दिने र जीवनलाई निरन्तरता दिने भूमिकासमेत खेलेको छ ।

राजनीतिक र सामाजिक दृष्टिले पनि कुशे औंसीको महत्त्व घट्दैन । नेपालमा लोकतन्त्र, गणतन्त्र, संघीयताजस्ता राजनीतिक व्यवस्थाले समाजको संरचना परिवर्तन गरे पनि धार्मिक र सांस्कृतिक अभ्यास निरन्तर रहँदै आएका छन् । यसले देखाउँछ कि राजनीतिक व्यवस्थाले परिवर्तन ल्याए पनि मौलिक परम्परालाई चुनौती दिन सकिँदैन । बरु यस्ता पर्वहरूले समाजलाई पहिचान, ऐक्यबद्धता र आत्मीयताको आधार दिन्छन् ।

विदेश पलायनको प्रभाव अझै गहिरो छ । लाखौं नेपाली विदेशमा काम र पढाइका लागि पुगे पनि बुबाको मुख हेर्ने दिनले उनीहरूलाई आफ्ना परिवार र देश सम्झाउने काम गर्छ । कतिपयले विदेशमै बसेर परिवारलाई फोन वा भिडियो कल गरेर बुबालाई शुभकामना दिन्छन् । यसरी कुशे औंसीले मानिसलाई आफ्नो संस्कृति र परिवारसँग जोडिराख्ने कार्य गरेको छ ।

समाजशास्त्रीहरूको निष्कर्ष स्पष्ट छ कि कुशे औंसी केवल धार्मिक पर्व होइन, यो समाजलाई पुर्खा र संस्कृतिसँग निरन्तर जोड्ने सांस्कृतिक सेतु हो । पत्रकारिताको दृष्टिले पनि पुष्टि हुन्छ कि यस पर्वले परिवार, समाज र संस्कृतिलाई एउटै धागोमा गाँसेको छ । परम्परागत मूल्य र आधुनिक चेतना दुबैलाई एकसाथ धानेर यो पर्वले समयानुकूल आफैंलाई पुन: परिभाषित गरेको छ ।

बुबाको मुख हेर्ने दिन वा कुशे औंसी केवल एकदिनको अनुष्ठान होइन यो पीढीगत सम्बन्धको जीवित प्रतीक हो। बुबाको अनुहार हेर्ने, उनको आशीर्वाद लिने, पितृलाई स्मरण गर्ने र श्राद्ध गर्ने परम्परा धार्मिक आस्थासँगै सामाजिक मूल्य र भावनात्मक सम्बन्धको अभिव्यक्ति हो । यसले मानिसलाई परिवारको महत्व बुझाउने र पुर्खाप्रतिको कृतज्ञता प्रकट गर्ने प्रेरणा दिन्छ। यही कारण आजको युगमा पनि यस पर्वको महत्व झन् बढेको छ । यसलाई टिकाइराख्न युवापुस्तालाई यसको वास्तविक महत्व बुझाउनु, व्यापारीकरण र औपचारिकताबाट जोगाउनु र सामूहिक उत्तरदायित्वसँग जोड्नु अपरिहार्य छ । यदि यसलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा सीमित गरियो भने यसको मौलिकता हराउनेछ । तर जीवनशैलीमै आत्मसात गर्न सकियो भने यो पर्व वर्तमान मात्र होइन भावी पुस्तामा पनि जीवित रहनेछ ।

*(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ ।)*

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
